का. जि. का. दर्ता नं : १०४/०५७/०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८/०६७/०६८

# अपाङ्ग आवाज
## DISABILITY VOICE

वर्ष १६, अङ्क १, पूर्णाङ्क १८५, २०७४ वैशाख

सल्लाहकार
तारा वदन सेडाई
प्रकाश पन्थ

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

लेआउट/डिजाइन/बजार प्रतिनिधि
सुनिल वि. क.

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाण्डौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
नयाँ बस्ती, गगननगर चोक, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फोन: ०१ ४९११०९२ ४९११०६९
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अवरोधमुक्त अभियानमा स्वावलम्बन जीवन पद्धति केन्द्रको भूमिका ४

२४ तरकारी खेतीमा व्यस्त अभिभावक शोभा नेपाली

फेरमेड नेपालले गर्ने कार्यक्रमहरुमा अपाङ्गताका सवालहरुलाई समावेश गर्ने छौ २८

३५ शिविर नहुँदा परिचय पत्र पाउन सकेनन्

प्रदिप ज्ञवालीलाई ज्ञापनपत्र बुझाइयो ३८

## सफलताको शुभकामना

आदरणीय सम्पादक ज्यू नमस्कार । प्यारो अपाङ्ग आवाज मासिक पत्रिका र साप्ताहिक रेडियो कार्यक्रमका सञ्चालक ज्यूहरूमा हृदयदेखि मीठो सम्झना साथमा नेपाल अपाङ्ग मानव अधिकार परिवारमा प्रत्येक पाइलामा सफलताको शुभकामना व्यक्त गर्दछु । हामी अपाङ्ग आवाजको नियमित श्रोता र पाठक हौं . अपाङ्ग आवाज मासिक पत्रिकाबाट प्रकाशित विषयवस्तुहरू र साप्ताहिक रेडियो कार्यक्रमबाट प्रसारण हुने विषयवस्तुहरू अति नै उपयोगी लाग्छ । यस पत्रिका मार्फत अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका बारेमा जान्ने मौका मिलेको छ । स्वास्थ्य, शिक्षा, गुणस्तरिय जीवन, स्वतन्त्रता, अवसर जस्ता विषयमा सहजै जानकारी पाएका छौं । त्यसमा पनि अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा अवसर दिनु पर्ने कुरा उठाइ दिनु भएकोमा ज्यादै खुशी लाग्यो । आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यको मूलधारमा ल्याई अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकारका बारेमा सामग्रीहरू समेट्दै जानु पर्दछ ।




*कृष्ण कार्की, कास्की*

## पत्रिका नियमित रूपमा पठाइदिनु होला

अपाङ्ग आवाज परिवारमा मेरो नमस्कार । म अपाङ्ग आवाजको नियमित पाठक हुँ । प्राप्त भए सम्म मैले यो अपाङ्ग आवाज मासिक पत्रिका नियमित रूपमा पढ्दै आएको छु । अपाङ्ग आवाज मासिक पत्रिकाले समाज रूपान्तरणको लागि अहम् भूमिका खेलेको हामीले महसुस गरेका छौं । यो अपाङ्ग आवाज प्रत्येक सरकारी कार्यालय र मन्त्रालयमा जानु पर्छ । मन्त्रालयका उच्च पदाधिकारिहरूले पढेर कहाँ के छ त समस्या बुझ्न पर्दछ भन्ने मलाई लाग्दछ । विकट ठाउँ र विकट गाउँका अपाङ्गता भएका व्यक्तिहरूको पीडालाई पनि छापा मार्फत बाहिर ल्याउनु पर्छ भन्ने लाग्छ । आगामी दिनमा यो पत्रिका सबै जिल्लाहरूमा रहेका अपाङ्गता भएका व्यक्तिहरू समक्ष पुऱ्याइदिनु हुन अनुरोध गर्दछु ।

*राकेश सुनुवार, मकवानपुर ।*

## यस पत्रिका मार्फत धैरै जानकारी पाएका छौं

नमस्कार, म अपाङ्ग आवाज पत्रिकाको नियमित पाठक हुँ । यो पत्रिका हामीले नियमित एवं सामूहिक रूपमा अध्ययन गर्छौं । यस पत्रिका मार्फत धैरै जानकारी पाएका छौं । अपाङ्गता भएका व्यक्तिहरूको प्रतिभालाई समेत यस पत्रिकाले स्थान दिएको छ । अपाङ्गता भएका व्यक्तिहरूले स्वास्थ्य सेवा, शिक्षा लगायत आधारभूत अधिकार सहज रूपमा प्राप्त गर्न पाउनु पर्ने कुरालाई जोड दिएको छ । म यस पत्रिका र संस्थाको उत्तर उत्तर प्रगति एवं शान्ति समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

*सिता निरौला, पाल्पा*

# विश्व अटिजम जनचेतना दिवस

कुनै पनि व्यक्तिको मस्तिष्कमा जन्मजात आएको समस्याको कारण उमेरको विकास सँगै अनौठो खालको व्यवहार, स्वाभाविक प्रक्रिया देखाउने, लगातार एउटै व्यवहार दोहोऱ्याउने लगायतका कार्यहरू गर्ने अवस्थालाई अटिजम भनिन्छ । यो अपाङ्गता झट्ट हेर्दा देखिँदैन । अटिजमको बारेमा समाजमा जनचेतना जगाउने उद्देश्यले संयुक्त राष्ट्र संघले सन् २००८ को २ अप्रिलका दिन अटिजम जनचेतना दिवस मनाउँदै आएको छ । हरेक वर्ष जस्तै यस वर्ष पनि अप्रिल २ तारिकका दिन "स्वायत्तता र आत्म निर्णय" तर्फ भन्ने मूल नाराका साथ विश्व अटिजम जनचेतना दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरेर सम्पन्न भएको छ । सो दिवसका अवसरमा काठमाण्डौंको दरबारमार्ग देखि जनचेतना मूलक ऱ्याली निकालिएको थियो दरबारमार्गबाट निकालिएको सो ऱ्याली नक्साल, गैरीधारा हुँदै अटिजम केयर नेपालको कार्यालयमा गएर विभिन्न व्यक्तिहरूको मन्तव्य सहित सम्पन्न भएको थियो । हरेक वर्ष यो अटिजम दिवस मनाइ रहँदा विगतका तुलनामा समाजमा केही जनचेतना फैलिएको पाइन्छ । अटिजम भएका बालबालिकाहरूमा एक्लै बस्न रुचाउने, आँखामा आँखा नजुधाउने, आफ्ना कुराहरू व्यक्त गर्न नसक्ने, शब्द वा वाक्यहरू दोहोऱ्याई रहने, अत्याधिक चकचके तथा निष्क्रिय हुने, घाउ चोट तथा दुखाई प्रति कुनै वास्ता नगर्ने लगायतका लक्षणहरू देखा पर्दछन् । यस्ता बालबालिकाहरूलाई धेरै जसो विद्यालयमा भर्ना लिन नमान्ने, उनीहरूको अवस्थालाई स्वीकार नगर्ने गरेको पनि पाइन्छ । विगतका तुलनामा पछिल्ला केही समय यता अटिजमको बारेमा विभिन्न सरोकारवाला निकायहरूले केही मात्रमा भए पनि चासो दिने गरेको पाइएको छ । जस्तै समावेशी शिक्षामा उनीहरू अनुकूलको पाठ्यक्रम निर्माण गर्नु पर्ने, स्वास्थ्य नीतिमा पनि उनीहरूका सवालहरूलाई समावेश गर्नु पर्ने भन्ने सोचको विकास भएको पाइन्छ । तर पनि सम्बन्धित निकायले अटिजम भएका अपाङ्गता भएका व्यक्तिहरूको लागि पूर्ण रूपमा काम गरेको पाइँदैन । अबका दिनमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू तथा अटिजम भएका व्यक्तिहरूका लागि कार्यक्रम ल्याउनु पर्ने जरुरी देखिन्छ ।

# अवरोधमुक्त अभियानमा स्वावलम्बन जीवन पद्धति केन्द्रको भूमिका

कुनै पनि व्यक्ति कुनै पनि निकायमा सहज रूपमा पुग्न पाउनु र त्यो निकायले उपलब्ध गराएको सेवा सुविधाको उपभोग गर्न पाउनु उसको अधिकार हो । त्यसैले हाम्रा वरपरका कुनै पनि संरचनाहरू व्यक्ति अनुकूलको हुन जरुरी छ । तर हाम्रो समाजमा रहेका अधिकांश संरचनाहरूमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू पुग्न सक्दैनन् । त्यसैले अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोगमा, अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका लागि यही वैशाख १४ गतेका दिन सिंहदरबारका विभिन्न मन्त्रालयहरूमा अवरोध मुक्त अभियान कार्यक्रम गरेको थियो । सो अभियान कार्यक्रमका क्रममा सिंहदरबार भित्र रहेका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय पुनः निर्माण प्राधिकरण र प्रधानमन्त्री तथा



## अपाङ्गता मैत्री भौतिक संरचना निर्माण हुनु पर्ने भनि वकालत गरेका छौं



टेक बहादुर गुरुङ, उपाध्यक्ष, अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र

हाम्रो संस्था अपाङ्गता भएका व्यक्तिहरूका हक हित र अधिकारका लागि काम गर्ने एक गैर सरकारी संस्था हो । यो संस्थाले अपाङ्गता भएका व्यक्तिहरूलाई स्वावलम्बन गराउनका लागि पनि काम गर्ने गर्दछ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू मध्ये ह्वीलचिएर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई आल्मुनियमका ह्वीलचिएर उत्पादन गरेर निःशुल्क वितरण गर्ने काम पनि गर्दै आएका छौं । त्यसै गरी अति असक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरू जसलाई सहयोगीको आवश्यक पर्दछ यस्ता व्यक्तिहरूलाई सहयोगी उपलब्ध गराउनु पर्ने भनेर पनि वकालत गर्दै आएका छौं । हामीले हरेक वर्ष विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्ति मैत्री भौतिक संरचना निर्माण हुनु पर्ने भनेर विभिन्न सरकारी निकायहरू तथा सिंहदरबारमा रहेका विभिन्न मन्त्रालयहरूको ध्यानाकर्षण गराउने कार्यलाई निरन्तरता दिनको लागि अवरोध मुक्त अभियान कार्यक्रम सञ्चालन गर्ने, अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका लागि विभिन्न मागहरू सम्बन्धित निकायका व्यक्तिहरूलाई हस्तान्तरण गर्ने काम पनि गर्ने गर्दछौं । त्यसैले आगामी दिनमा सबै निकायहरू तथा मन्त्रालयहरूमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँच योग्य भौतिक संरचनाहरू निर्माण गर्नको लागि पहल गर्न जरुरी छ ।

मन्त्रिपरिषदको कार्यालयमा अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्नुको साथै यी मन्त्रालयका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्नु पर्ने लगायतका मागहरू सहितको ज्ञापनपत्र आयोजक संस्थाले बुझाइएको थियो । हाम्रा वरपरका भौतिक संरचना अपाङ्गता मैत्री नभएको कारण ह्वीलचिएर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरू, होचापुड्का व्यक्तिहरू, जति बेला पनि अरूको सहयोगको आवश्यकता हुने व्यक्ति र तिनिहरूका अभिभावकहरूले दैनिक रूपमा आवागमनका क्रममा कठिनाइको सामान गर्न परेको छ । सबै ठाउँमा सहज रूपमा ह्वीलचिएर जान नसक्दा उनीहरूले आफ्ना दैनिक क्रियाकलापमा समेत कठिनाइ भोग्न परेको छ भने चाहे अनुसारको शिक्षा लिन, सडकमा यात्रा गर्न, रोजगारीमा सहभागी हुने लगायतका कार्यहरूमा दिनहुँ कठिनाइको सामना गर्न परेको छ । विभिन्न प्रकारका सेवा सुविधाहरू उपलब्ध गराउने निकायहरू पनि पूर्ण रूपमा अपाङ्गता मैत्री छैनन् । अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र

काठमाण्डौंका अध्यक्ष गणेश के.सी. ले सम्बन्धित मन्त्रालयका सचिव तथा सह–सचिवहरूलाई हस्तान्तरण गर्नु भएको थियो।

हाम्रा वरपरका भौतिक संरचना अपाङ्गता मैत्री नभएको कारण ह्वीलचिएर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरू, होचापुड्का उनीहरूले आफ्ना दैनिक क्रियाकलापमा समेत कठिनाइ भोग्न परेको छ भने चाहे अनुसारको शिक्षा लिन, सडकमा यात्रा गर्न, रोजगारीमा सहभागी हुने लगायतका कार्यहरूमा दिनहुँ कठिनाइको सामना गर्न परेको छ। विभिन्न प्रकारका सेवा सुविधाहरू उपलब्ध गराउने

### र्‍याम्प बनाएर मात्र अपाङ्गता मैत्री भौतिक संरचना बन्दैन



अनिता घिमिरे, कोषाध्यक्ष, नेपाल अपाङ्ग महिला संघ

अपाङ्गता भएका व्यक्तिहरूको लागि बनाइने भौतिक संरचनाहरू र्‍याम्पलाई मात्र सम्झेर हुँदैन। अधिकांश संघ संस्था वा कार्यालयको तल्लो तला सम्म जानको लागि र्‍याम्प बनायो भने त्यो संरचना अपाङ्गता मैत्री बन्यो भन्ने सोच छ। त्यो र्‍याम्प बनाएर मात्र अपाङ्गता मैत्री भौतिक संरचना बन्दैन। अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका लागि बहिरा व्यक्तिहरूको लागि दोभासे हुन जरुरी हुन्छ। अति असक्त तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि सहयोगीको व्यवस्था गर्नुको साथै विभिन्न कार्यालयहरूमा सम्बन्धित व्यक्तिलाई भेट्नको लागि उक्त व्यक्ति सो कार्य कक्षमा नै पुग्न सक्ने संरचना निर्माण गर्‍यो भने मात्र त्यहाँ अपाङ्गता अनुकूलको भौतिक संरचनाको निर्माण हुन सक्छ। त्यसैले अपाङ्गता भएका व्यक्तिहरूले सम्बन्धित निकाय सम्म पुग्न सक्ने, सम्बन्धित व्यक्तिहरूलाई भेटेर काम सम्पन्न गर्न सक्ने वातावरणको निर्माण गर्नको लागि हामी अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू अनुरोध गर्दछौं। विभिन्न मन्त्रालयहरूले नीति नियमहरू बनाउँदा पनि अपाङ्गता मैत्री बनाइ दिनु हुनु अनुरोध गर्दछु।

व्यक्तिहरू, जति बेला पनि अरूको सहयोगको आवश्यकता हुने व्यक्ति र तिनिहरूका अभिभावकहरूले दैनिक रूपमा आवागमनका क्रममा कठिनाइको सामान गर्न परेको छ। सबै ठाउँमा सहज रूपमा ह्वीलचिएर जान नसक्दा निकायहरू पनि पूर्ण रूपमा अपाङ्गता मैत्री छैनन्। अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले विगतका वर्षहरूमा पनि यस्तो अभियानलाई निरन्तरता दिँदै आएको छ। जसको फलस्वरूप

सिंहदरबार भित्रका अधिकांश मन्त्रालयहरूमा तल्लो तला सम्म ह्वीलचिएर जाने र्‍याम्प र कुनै-कुनै मन्त्रालयमा लिफ्ट बाहेक अन्य संरचनाहरू अपाङ्गता अनुकूलको र पूर्ण रूपमा अपाङ्गता मैत्री बन्न सकेका छैनन् । यो अभियानमा विभिन्न प्रकारका १ सय भन्दा बढि अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता रहेको थियो । अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले विगतका वर्षहरू देखि सबै निकायहरूमा अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्नु पर्ने भनि यो अभियान सञ्चालन गर्दै आएको हो । अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको पहलको कारण सिंह दरबारका अधिकांश मन्त्रालयहरूको तल्लो तला सम्म ह्वीलचिएर जान सक्ने र्‍याम्प र लिफ्टको निर्माण गरिएता पनि दृष्टिविहिन तथा बहिरा मैत्री हुन सकेको पाइँदैन । आगामी दिनमा अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको साथै सबै निकायहरूमा दोभाषेको व्यवस्था गर्नु पर्ने कुरामा

## दोभाषेको व्यवस्थाको लागि बजेट विनियोजन गर्न जरुरी छ



*लक्ष्मी महर्जन, देवकोटा, अध्यक्ष, राष्ट्रिय बहिरा तथा सुस्त श्रवण संघ*

अपाङ्गता मैत्री भौतिक संरचना निर्माण हुनु पर्ने, हाम्रा भवन तथा सार्वजनिक निकायहरू सबै अपाङ्गता अनुकूलको हुनु पर्ने भनेर हामीले अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वावलम्बन जीवन पद्धति केन्द्र तथा अन्य अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको सहकार्यमा विगतका वर्षहरूमा पनि सिंहदरबारका विभिन्न मन्त्रालयहरूमा वकालतका कार्यक्रमहरू सञ्चालन गरेका थियौ । विगतका दिनहरूमा पनि हामीले हाम्रा मागहरूलाई सम्बन्धित मन्त्रालयको कार्यकक्षमा गएर दिन सकेका थिएनौ । किनकी ती कार्यकक्षहरू तथा ती मन्त्रालयहरू अपाङ्गता अनुकूल थिएनन् । आज पनि सम्बन्धित मन्त्रालयहरू पूर्ण रूपमा अपाङ्गता मैत्री बन्न सकेका छैनन् । विगतका वर्षहरूमा हामी हाम्रा मागहरू लिएर आउँदा विभिन्न मन्त्रालयका सम्बन्धित व्यक्तिहरूले अपाङ्गता मैत्री मन्त्रालय, कार्यालय तथा कार्यकक्ष बनाउन पहल गर्ने आश्वासन दिनु भएको थियो तर आज सम्म पनि ती संरचना मैत्री भएको पाइँदैन । विभिन्न मन्त्रालयहरूले आगामी दिनमा आफ्ना कार्यकक्षहरू अपाङ्गता मैत्री बनाउनुको साथै बहिरा व्यक्तिहरूको सञ्चारमा पहुँच पुर्‍याउन दोभाषेको व्यवस्थाको लागि बजेट विनियोजन गरिदिनु हुन अनुरोध गर्दै यस विषयमा सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

पनि सहभागीहरूले जोड दिनु भएको थियो । अपाङ्गता भएका व्यक्तिहरूका लागि अधिकारको संरक्षण तथा सम्वर्द्धन, अपाङ्गता विरुद्ध हुने सबै खाले विभेदको अन्त्य गर्न र पूर्ण

## विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरेर काम गर्न जरुरी छ



रमा ढकाल, अपाङ्गता अधिकारकर्मी तथा सदस्य, राष्ट्रिय शारीरिक अपाङ्ग संघ

अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्ने क्रममा विभिन्न सम्बन्धित निकायहरूमा, सरकारी कार्यालयहरूका तल्लो तला सम्म जान सक्ने गरी र्‍याम्पको निर्माण गरिएको छ । त्यो ज्यादै राम्रो कुरा हो तर हाम्रो समाजको सोचाई अपाङ्गता मैत्री भौतिक संरचना भनेको र्‍याम्पबनायो भने त्यो भौतिक संरचना अपाङ्गता मैत्री बन्यो भन्ने रहेको छ । र्‍याम्पबनाएर मात्र  पूर्ण रूपमा अपाङ्गता मैत्री भौतिक संरचनाको निर्माण हुन सक्दैन । हामी आफै सम्बन्धित व्यक्तिहरूलाई भेट्न जान सक्ने र त्यहाँबाट उपलब्ध हुने सेवा सुविधाको प्रत्याभूति गर्न चाहन्छौ । त्यसैले सिंहदरबार भित्र रहेका विभिन्न मन्त्रालयहरूले अब सम्बन्धी कार्यालयका, मन्त्रालयका सबै ठाउँहरूमा  सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू जान सक्ने वातावरणको सृजना गर्नु पर्दछ र आगामी बजेटमा अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको लागि बजेट विनियोजन गरेर काम गर्न जरुरी छ । यस विषयमा सबैको ध्यान केन्द्रित हुन जरुरी छ । हाम्रा भौतिक संरचनाहरू निर्माण गर्दा, पूर्वाधारहरू बनाउँदा सके सम्म सबै पूर्वाधार तथा संरचनाहरू अपाङ्गता मैत्री बनोस् भन्न चाहन्छु । यदी तपाईहरूसँग कस्तो खालको संरचना बनाउने हो भन्ने लागेको छ, अपाङ्गता भएका व्यक्तिहरूको कठिनाइ तथा चुनौतीहरूको बारेमा राम्ररी थाहा छैन भने अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूसँग सहकार्य गर्नु होस् हामी सहकार्य गरेर नेपाल सरकारलाई सहयोग गर्न तयार छौं । अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको साथै अपाङ्गता भएका महिलाहरूका सवालहरूलाई पनि ध्यानमा राखेर काम गर्न आवश्यक छ । त्यसै गरी जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गर्दा पनि अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्नु हुन अनुरोध गर्दछु ।

स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले भौतिक संरचना अपाङ्गता मैत्री बनाउन, अपाङ्गता सम्बन्धी हक अधिकार प्राप्ति, मानव तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरू स्वतन्त्र, स्वावलम्बी बनाउने लगायतका कामहरू पनि सञ्चालन गर्दै आएको छ । गत

वैशाख १४ गते अपाङ्गता भएका व्यक्तिहरूले भोग्न परेका विविध प्रकार अवरोध तथा समस्या उठाउन र राज्यले बनाएका नीति नियमको कार्यान्वयन गराउनका लागि केन्द्रीय स्तरमा पैरवी गर्ने उदेश्यले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहयोगमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत

## विभिन्न निकायका भौतिक संरचनाहरू अपाङ्गता मैत्री बन्न जरुरी छ ।



गणेश के.सी., अध्यक्ष, अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र

हामीले विगत १० वर्ष देखि यो अपाङ्गता मैत्री भौतिक संरचना निर्माण हुनु पर्दछ भनेर अवरोध मुक्त अभियान कार्यक्रम सञ्चालन गर्दै आएका छौं । वर्षै पिच्छे विभिन्न मन्त्रालयका सम्बन्धित व्यक्तिहरू सामु अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका लागि मागहरू प्रस्तुत गर्ने गरेका छौं । हामीले गरेको यस्तो अभियानले सिंहदरबारका केही मन्त्रालयहरूमा तल्लो तला सम्म भए पनि र्‍याम्पहरू बनेका छन् भने कहीँ कतै लिफ्ट बनेका छन् र बन्ने प्रक्रियामा छन् । यो एक सकारात्मक पक्ष पनि हो । नेपाल सरकारले वि.स.२०६९ सालमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका ल्याएको छ हामीले यो निर्देशिका कार्यान्वयनको लागि पनि विशेष पहल गर्नु पर्ने भनेर आवाज उठाउँदे आएका छौं । जब सम्म अपाङ्गता भएका व्यक्तिहरू आफ्नो अधिकार लिनको लागि सम्बन्धित निकाय सम्म पुग्न र आफ्ना आवाजहरू राख्न सक्दैनन् तब सम्म हाम्रा मागहरू ओझेलमा नै पर्ने हुन्छ । हाम्रो समाजमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू छन् र उनीहरूले वैशाखी, ह्वीलचिएर, सेतो छडी, क्यालिपर लगायतका सहयोगी सामाग्रीहरू प्रयोग गर्नु पर्ने हुन्छ तर यी सामाग्रीहरू हाम्रो देशमा उत्पादन हुन सकेका छैनन् । अब यस्ता सामाग्रीहरू पनि नेपालमा नै उत्पादन हुने व्यवस्था गर्न जरुरी छ । यसको लागि सम्बन्धित मन्त्रालयहरूले पहल गर्न पर्दछ । यो वर्ष नेपाल सरकारले अपाङ्गता मैत्री यातायातका साधन ल्याउनको लागि पनि सम्बन्धित निकायले पहल गरोस् भन्न चाहन्छु । विभिन्न निकायका भौतिक संरचनाहरू अपाङ्गता मैत्री बन्नु पर्ने भनेर धेरै निकायहरूलाई ज्ञापन पत्र बुझाइ सकियो तर अझै पनि अधिकांश संरचनाहरू पूर्ण रूपमा अपाङ्गता मैत्री हुन सकेको पाइँदैन । यस विषयमा सम्बन्धित निकायले पहल गर्न जरुरी छ । आउने नीति तथा कार्यक्रम वा बजेटले अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि कार्यक्रम ल्याइयोस् भनि अनुरोध गर्न चाहन्छु ।

## हाम्रो मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।



रेश्मीराज पाण्डे, सह–सचिव, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्रले जुन अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको लागि अवरोध मुक्त अभियान कार्यक्रमको सञ्चालन गर्नु भएको छ यो ज्यादै सकारात्मक काम भएको छ । यसै सन्दर्भमा तपाइहरूले जुन माग राख्नु भएको छ ती मागहरूलाई हामीले केन्द्रीय स्तरको नीति निर्माण र स्थानीय स्तरमा गाँउपालिका, नगरपालिकाले आफ्नो कार्य सम्पादनको शिलशिलामा ती मागहरूलाई समावेश गर्न जरुरी छ । त्यसको लागि हामीले यो स्थानीय शासन ऐन प्रस्तावित मस्यौदा व्यवस्थापिका संसदमा दर्ता हुन गइरहेको छ । यसमा स्थानीय तहमा गाँउपालिका, नगरपालिकाले आफ्नो कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागितात्मक योजना तर्जुमा संलग्न गर्नु पर्ने र उहाँहरूका मागहरूलाई पनि कार्य क्षेत्रभित्र पारिएको छ । अब हामी अपाङ्गता भएका व्यक्तिहरूको लागि भौतिक संरचना निर्माण गर्ने क्रममा र्‍याम्पमात्र पर्याप्त नभएको र लिफ्टको निर्माण गर्नु पर्दछ भन्ने कुरामा सहमत छौं । अपाङ्गता भएका व्यक्तिहरू सबै निकायका सबै कार्य कक्षहरूमा आफै सहज रूपमा जान पाउने वातावरणको सृजना गर्नु पर्दछ । हाम्रो मन्त्रालयमा हामीले अब लिफ्टको निर्माण गर्न तर्फ पहल गर्ने छौं । यहाँ उठाउनु भएका सवालहरूलाई पनि हामी मनन गर्ने छौं यो विषयमा हाम्रो मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । यहाँ प्रस्तुत गर्नु भएका मागहरूलाई छलफल गरेर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका करिब एक सय जना जति विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू, अभिभावक, नागरिक समाजका प्रतिनिधिहरू र पत्रकारहरूको सहभागितामा अपाङ्गता भएका व्यक्तिहरूको लागि भौतिक संरचना अपाङ्गता मैत्री बनाउनु पर्ने भनि अवरोध मुक्त अभियान कार्यक्रमको आयोजना गरिएको थियो । यो अभियानको क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह–सचिव रेश्मीराज पाण्डे, शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्रनाथ शर्मा, अर्थ मन्त्रालयका बजेट महाशाखाका सह–सचिव मधु मराशैनी, राष्ट्रिय पुन निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेल र प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयका

सचिव रामकुमार आचार्यलाई आयोजक संस्थाका अध्यक्ष गणेश के.सी. ले अपाङ्गता मैत्री भौतिक संरचना अपाङ्गता मैत्री बनाउनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहयोगी सामाग्रीहरू पर्याप्त मात्रमा उपलब्ध गराउने पर्ने, कर छुटको व्यवस्था गर्नु पर्ने, अपाङ्गता मैत्री सार्वजनिक यातायातको व्यवस्था गर्नु पर्ने, प्रत्येक सरकारी कार्यालयहरूमा दोभाषेको व्यवस्था गर्नु पर्ने लगायतका मागहरू समावेश गरिएको माग पत्र हस्तान्तरण गर्नु भएको थियो । सोही क्रममा ती मन्त्रालयका प्रतिनिधिहरूले यी मागहरूलाई सम्बन्धी निकायमा प्रस्तुत गरी पूर्ण रूपमा अपाङ्गता मैत्री संरचना निर्माणका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

विगतका वर्षहरूमा गरिएको यस्ता अभियानहरूले सिंहदरबार भित्रका केही मन्त्रालयका तल्लो तला सम्म भए पनि ह्वीलचिएर जान सक्ने सम्मको संरचना बनेको छ । तर सम्बन्धी व्यक्तिहरूको कार्य कक्ष सम्म पुग्नलाई भने अझै पनि कठिन नै छ । आगामी दिनमा सबै निकायहरू अपाङ्गता मैत्री बनाउन जरुरी छ । यसका साथै नेपाल सरकारले ल्याएको अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ लाई कार्यान्वयन गरेर अपाङ्गता मैत्री संरचना निर्माण गर्न तर्फ पनि सम्बन्धित निकायको ध्यान जान आवश्यक छ । अब निर्माण हुने सबै भौतिक संरचनाहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू मैत्री

### विभिन्न कार्यक्रम ल्याउनु पर्दछ भनेर पहल गर्ने छौं ।

*- मधु मरासैनी, सह–सचिव, बजेट महाशाखा, अर्थ मन्त्रालय*

अपाङ्गता भएका व्यक्तिहरू पनि हाम्रो समाजको अंग हुनु हुन्छ । उहाँहरुका विभिन्न सवालहरू प्रति नेपाल सरकार ज्यादै संवेदनशील छ । अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गने सहयोगी सामाग्रीहरूको उत्पादन तथा निर्यात, सामाजिक सुरक्षा भत्ता र अन्य सेवा सुविधामा नेपाल सरकार ज्यादै सकारात्मक रहेको छ । आगामी बजेटमा अपाङ्गता भएका व्यक्तिहरूको लागि पनि विभिन्न कार्यक्रम ल्याउनु पर्दछ भनेर हामीले पहल गर्ने छौं र यो मागलाई अर्थमन्त्री समक्ष पुऱ्याउने छौं । नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत पनि अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकारको लागि मिलेर काम गर्ने छौं । नेपालमा नै अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहयोगी सामाग्री उत्पादनको लागि र ती सामाग्रीहरू निर्यात गर्ने क्रममा कर छुट गर्ने विषयमा पनि नीति बनाउने विषयमा पहल गर्ने छौं ।

बनाउन जरुरी रहेको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका लागि अवरोध मुक्त अभियानका क्रममा विभिन्न मन्त्रालयहरूलाई बुझाएका मागहरू यस प्रकार रहेका छन्।

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा बुझाइएका मागहरू यस प्रकार रहेका छन् :**

⇒ स्थानीय विकास मन्त्रालय र मातहतका हरेक गाँउपालिका, नगर पालिका, उप-महानगरपालिका र महानगरपालिकाका सबै कार्यालयहरू नेपाल सरकारबाट जारी भएको अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ अनुसार पूर्ण तथा अति असक्त अपाङ्गता मैत्री हुनु पर्ने।

⇒ सबै स्थानीय विकास मन्त्रालय र मातहतका हरेक गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाबाट बनाइने हरेक विकास निर्माणका कार्यहरू अपाङ्गता भएका व्यक्तिहरू प्रति लक्षित हुने गरी बनाइनु पर्ने।

⇒ सबै स्थानीय विकास मन्त्रालय र मातहतका हरेक गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकामा अपाङ्गताको सवाललाई हेर्ने छुटै संयन्त्र वा निकायको व्यवस्था गरिनु पर्ने।

⇒ सबै स्थानीय विकास मन्त्रालय र मातहतका हरेक गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण सम्बन्धी छुटै नीति र कार्यक्रम बनाइनु पर्ने।

**शहरी विकास मन्त्रालयमा बुझाइएको मागहरू :**

⇒ शहरी विकास मन्त्रालय र यस मातहतका निकायबाट बनाइने हरेक योजना जस्तै नयाँ आधुनिक शहरी निर्माण, टाउन प्लानिङ्ग, पुनर्वास वा सरकारी तथा सार्वजनिक भौतिक संरचना निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ ले निर्दिष्ट गरे बमोजिम हुने गरी बनाउनु पर्ने।

⇒ शहरी विकास मन्त्रालय र यस मातहतका कार्यालयका पुराना भवन तथा भौतिक संरचनाहरू अपाङ्गता मैत्री बनाइनु पर्ने र मन्त्रालय तथा मातहतका निकायहरूले बनाउने सबै नीति योजनाका कार्यक्रमहरू अपाङ्गता भएका व्यक्तिहरूलाई समेत समेटी अनिवार्य अपाङ्गता मैत्री बनाउनु पर्ने।

## अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको लागि सक्दो सहयोग गर्ने छौं



रामकुमार आचार्य, सचिव, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय

अपाङ्‌गता भएका व्यक्तिहरूको लागि तपाइहरूले जुन काम गर्दै हुनु हुन्छ यो कार्य ज्यादै सकारात्मक रहेको छ । यस्ता कार्यहरूमा हाम्रो पनि सधैँ साथ र सहयोग रहने छ । तपाइहरूले अपाङ्‌गता मैत्री भौतिक संरचना निर्माण गर्नु पर्ने भनेर हामीलाई उपलब्ध गराइएको मागहरूलाई म प्रधानमन्त्री समक्ष पुऱ्याउने छु । हाम्रो नेपालको संविधान २०७२ को संविधानले पनि अपाङ्‌गता भएका व्यक्तिहरूका सवालहरूलाई सम्बोधन गरेको छ । यी सवालहरूलाई हामी सबै मिलेर कार्यान्वयन गर्न तर्फ लाग्न जरुरी छ । विगतको तुलनामा अपाङ्‌गता प्रति समाज र अन्य निकायहरूमा सकारात्मक परिवर्तन आएको छ । अपाङ्‌गता भएका व्यक्तिहरूलाई हामीले अवसर दिन जरुरी छ । अवसर पाएको खण्डमा अपाङ्‌गता भएका व्यक्तिहरूले अन्य नागरिकहरूले गर्न नसकेका कामहरू गर्न सक्षम हुने छन् । अपाङ्‌गताका सवालहरूलाई सम्बोधन गर्ने भन्ने कुरा दयाको सवाल नभएर यो उनीहरूको अधिकार हो । राज्यले अपाङ्‌गता भएका व्यक्तिहरूका अधिकार प्रदान गर्नु पर्दछ । हामीले हाम्रो तर्फबाट अपाङ्‌गता मैत्री भौतिक संरचना निर्माणको लागि सक्दो सहयोग गर्ने र यो विषयका बारेमा अन्य सम्बन्धित निकायमा पनि छलफल गर्ने छौं र हामी सधैँ तपाइहरूको साथमा रहने छौं ।

⇒ मन्त्रालय र यस मातहतका निकायबाट हुने योजना तथा भौतिक संरचना अपाङ्‌गता मैत्री निर्माणका लागि निरन्तर सल्लाह, सुझाव वा अनुगमन गर्नका लागि मन्त्रालय, अपाङ्‌गता भएका व्यक्तिहरू र उनीहरूको लागि काम गर्ने संघ संस्थाहरू, सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित एक विशेष समिति गठन गरी सोही समितिको सल्लाह र सुझाव अनुसार कार्य व्यवस्था गर्नु पर्ने ।

⇒ मन्त्रालयबाट बनाउन लागेका मध्य पहाडी राजमार्गमा पर्ने नमुना शहरहरू पूर्ण रूपमा अपाङ्‌गता मैत्री बनाउनु पर्ने ।

**अर्थ मन्त्रालयमा बुझाएका मागहरू :**

⇒ अपाङ्‌गता भएका व्यक्तिहरूको जीविकोपार्जन तथा सामाजिक सुरक्षाका सन्दर्भमा सर्वोच्च अदालतले मिति २०६९ साउन ३० गते नेपाल सरकारको

नाममा गरेको परमादेशलाई कार्यान्वयन गर्न अनुरोध गर्दै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीको अवसर प्रदान गर्नु पर्ने । यसका साथै रोजगार प्राप्त हुन नसकेको खण्डमा न्यूनतम जीवन यापन गर्न पुग्ने सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्नु पर्ने ।

⇒ पूर्ण तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन यापनमा सहयोग पुऱ्याउन तथा उनीहरूको स्वतन्त्र



दिपेन्द्रनाथ शर्मा, सचिव,
शहरी विकास मन्त्रालय

## अब बन्ने पूर्वाधारहरू तथा संरचनाहरू अपाङ्गता मैत्री बन्ने छन् ।

हामीले विभिन्न सयमा अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्ने विषयमा सम्बन्धित सरोकारवाला निकायहरूसँग बसेर छलफल गर्ने गरेका छौं । अपाङ्गता मैत्री भौतिक संरचना निर्माणका साथै अवरोधमुक्त वातावरण निर्माणका लागि शहरी विकास मन्त्रालयले नीति तथा कार्यविधिहरू निर्माण गरेका छौं । अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच युक्त भौतिक संरचना बनाउने र यो सञ्चार सम्बन्धी निर्देशिकाको कार्यान्वयन हुन जरुरी छ । उक्त निर्देशिका कार्यान्वयन गर्नको लागि हामीले सक्दो पहल गरेका छौं । यो निर्देशिका आउनु भन्दा अगाडि नै शहरी विकास मन्त्रालयले बस्ती विकास मापदण्ड तथा विल्डिङ् कोड मार्फत भवन समितिमा अपाङ्गता मैत्री भवन निर्माण गरिनु पर्दछ भन्ने व्यवस्थाहरू राखिएको छ । विगतका दिनहरूमा सडक तथा बाटोको निर्माण गर्दा अपाङ्गता मैत्री हिसाबले सोचिएन । जसले गर्दा ती शहरहरूमा अन्य नागरिकहरूलाई पनि सहज रूपमा आवतजावत गर्न सक्ने सहजता छैन । अहिले हामीले सडकहरू चौडा गर्ने काम गरि रहेका छौं । विभिन्न शहरमा चौडा गर्ने काम गरेका छौं । चौडा गर्दा हामीले प्रस्ट रूपमा अपाङ्गता मैत्री हुनु पर्दछ भनेर काम गरेका छौं । केही सुधार भएको त छ तर त्यो पूर्ण छैन । जहाँ नयाँ पूर्वाधारहरू बन्दै छन् ती शहरहरूमा अपाङ्गता मैत्री संरचना निर्माण गरिने छ । सरकारी भवनहरूमा अनिवार्य रूपमा अपाङ्गता अनुकूलको संरचना निर्माण गर्न जरुरी छ । ती भवनहरूमा र्याम्प तथा लिफ्टहरूको व्यवस्था गरेर त्यहाँबाट प्रदान गरिने सेवा सुविधाहरू सहज रूपमा प्रदान गर्न तर्फ हाम्रो पहल सधैँ रहने छ । यस्ता कार्यक्रमहरूलाई गाउँ-गाउँ स्तरमा लैजान आवश्यक पनि छ । हामी तपाइहरूको माग सम्बोधन गर्न पहल गर्ने छौं र हामी सधैँ अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको लागि सक्दो सहयोग गर्ने छौं ।

र स्वाभिमान पूर्ण जीवन यापन गर्न व्यक्तिगत सहयोगीको व्यवस्था गरिदिनु र यसका लागि आर्थिक वर्ष २०७४/७५ मा पाइलट परियोजनाको लागि बजेट विनियोजन गर्नु पर्ने।

⇒ अपाङ्गता भएका व्यक्तिहरूका लागि अत्यावश्यक सहायक सामाग्री र प्रविधिहरू स्वदेशमै उत्पादन गर्ने व्यवस्था गरी उनीहरूलाई आवश्यकता अनुसार तत्कालै प्राप्त गर्ने वातावरण बनाउनका लागि यस आर्थिक वर्षमा बजेट विनियोजन गर्नु पर्ने।

⇒ अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने विद्युतीय ह्वीलचिएर, अपाङ्गता भएका व्यक्तिहरूले आफैले चलाउन मिल्ने बनाइएको अपाङ्गता मैत्री कार, भ्यान तथा बस लगायतका सवारी साधनहरूको खरिदमा लाग्ने भन्सार सहित सम्पूर्ण करहरूमा छुट गर्नु पर्ने।

⇒ अपाङ्गता भएका व्यक्तिहरूले कुनै उद्योग वा कारखाना खोल्न चाहेमा, कुनै घरेलु तथा साना उद्योग स्थापना गरी स्वरोजगार हुन चाहेमा नेपालमा सञ्चालन बैकहरूबाट सहुलियत व्याजमा ऋण उपलब्ध गर्ने व्यवस्था गर्नु पर्ने।

**राष्ट्रिय पुनः निर्माण प्राधिकरणमा बुझाइएका मागहरू :**

⇒ भूकम्पको कारण क्षति भएका सबै संरचनाहरू पुनः निर्माण गर्दा नेपाल सरकारबाट जारी भएको अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँच युक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका २०६९ अनुसार पूर्ण रूपमा अपाङ्गता मैत्री बनाइनु पर्ने।

⇒ भूकम्प पछिको पुनः निर्माणमा भूकम्पबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूले पाउने सेवा तथा सुविधामा प्राथमिकता दिइनु पर्ने।

⇒ अधिकांश अपाङ्गता भएका व्यक्तिहरूको भूकम्पले घर भत्किएको र आफ्नो जग्गा धनी पुर्जा नभएको कारण उनीहरूले राज्यले उपलब्ध गराएको सेवा सुविधा पाउनबाट वञ्चित भएको हुँदा राष्ट्रिय पुनः निर्माण प्राधिकरणबाट छुटै संयन्त्र बनाई त्यस्ता राहतबाट वञ्चित हुन पुगेका अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरी राहत प्रदान गरिनु पर्ने।

⇒ भूकम्पबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूलाई सहज ढंगबाट नेपालको जुनसुकै स्थानमा आफू बस्ने घर बनाउन चाहेमा सोही स्थानमा नै घर बनाउने पाउने

## अपाङ्गता अनुकूलको भौतिक संरचना निर्माणको लागि काम गर्ने छौं



डा. गोविन्दराज पोखरेल, प्रमुख कार्यकारी अधिकृत,
राष्ट्रिय पुनः निर्माण प्राधिकरण

अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्नु पर्ने भनेर यहाँहरुले उठाउनु भएका मागहरूलाई हामी जति सक्दो छिटो सम्बोधन गर्ने प्रयास गर्ने छौं । यसका साथै यहाँहरूको मागमा समावेश भएको कुरा जस्तै दक्ष जनशक्ति उत्पादन गर्ने क्रममा विशेष गरी डकर्मी तथा सिकर्मीहरू उत्पादन गर्दा उहाँहरूलाई पनि अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्न सक्ने बनाउन सिकायो भने अझ अपाङ्गता मैत्री संरचना निर्माणमा सहजता हुने थियो र गाउँ स्तरमा पनि अपाङ्गता मैत्री संरचना निर्माण गर्नु पर्दछ भन्ने चेतनाको विकास हुने थियो । अब हामीले यस्ता निर्माण सम्बन्धी तालिम दिने क्रममा अपाङ्गता अनुकूलको भौतिक संरचना निर्माणको लागि पनि चेतना जगाउनको साथै तालिममा पनि अपाङ्गताका सवाललाई समावेश गर्ने छौं । यो भूकम्प पछिको पुनः निर्माणको क्रममा पनि हामीले अब बन्ने मठ मन्दिरहरू पनि अपाङ्गता मैत्री बनाउने छौं । यसका साथै जीवन यापनका विभिन्न कार्यक्रमहरूमा पनि विभिन्न समुदायहरू जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्ने छौं । त्यसै गरी दैवी प्रकोपबाट, प्राकृतिक प्रकोपबाट विभिन्न समस्याहरू उत्पन्न हुने गर्दछ ती समस्याहरूका विषयमा जिल्ला जिल्लामा हुने बैठकहरूमा पनि हामीले दलित र महिलालाई अनिवार्य रूपमा सहभागी गराउने भन्ने कुरा गरेका थियौ भने अब देखि अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अनिवार्य रूपमा सहभागिता गराउने कुरामा पहल गर्ने छौं । विपत् सम्बन्धी जति पनि बैठकहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अनिवार्य सहभागिताको पहल हुने छ । हाम्रा विभिन्न नीति नियमहरू तथा कार्यक्रमहरूमा छन् अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई पनि समावेश गर्ने छौं ।

व्यवस्था गरी अनुदान प्रदान गरिनु पर्ने ।

⇒ राष्ट्रिय पुनः निर्माण प्राधिकरणमा अपाङ्गता भएका व्यक्तिहरूको सवाल हेर्ने छुट्टै डेक्स स्थापना गर्नु पर्ने, पुनः निर्माणमा सहभागी प्राविधिक वा इन्जिनियरहरूलाई अपाङ्गता मैत्री संरचना र विश्वव्यापी डिजाइन आधारमा तालिम दिनु पर्ने तथा पुनः निर्माणमा संलग्न वा कार्यरत सबैलाई अपाङ्गता मैत्री विश्वव्यापी डिजाइनका बारेमा

जनचेतना जगाउने कार्यक्रम वा सामाग्रीहरू प्रदान गर्नु पर्ने ।

**प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा बुझाइएका मागहरू**

⇒ प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा रहेको अपाङ्गता भएका व्यक्तिहरूको विरुद्ध हुने भेदभावको अन्य र उनीहरूको विकास, उत्थान र प्रवर्धन सम्बन्धी संयन्त्र २०७१ लाई प्रभावकारी तथा क्रियाशिल बनाइनु पर्ने र उक्त संयन्त्रको छुटै कर्मचारी तथा कार्यालयको व्यवस्था गरिनु पर्ने ।

⇒ अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन तथा सामाजिक सुरक्षाका सन्दर्भमा सर्वोच्च अदालतले मिति २०६९ साउन ३० गते नेपाल सरकारको नाममा गरेको परमादेशलाई कार्यान्वयन गरिदिनु हुन अनुरोध गर्दै सबै प्रकार अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीको अवसर प्रदान गरिदिनु हुन र रोजगारका प्राप्त हुन नसकेको खण्डमा न्यूनतम जीवन यापन गर्न पुग्ने भत्ताको व्यवस्था गरिदिनु पर्ने ।

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल अपाङ्ग महिला संघ
कालोपुल, काठमाण्डौं
फोन नं. : ०१-४४३५१३१
फ्याक्स : ०१-४४३८३४२
इमेल : ndwa2009@gmail.com

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Nepal Hemophilia Society
Kathmandu Residency (Block No. 19, Flat No. 73)
Bagdol, Lalitpur, Nepal
GPO BOX: 13659
Tel.:977-1-5553003, 018217499
Email: nepalhemo@gmail.com

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नेपाल नेत्रहिन संघ**

सुकेधारा काठमाण्डौं
फोन नं. : ०१-४३७८६२२/४३७६५८०
फ्याक्स : ४३७८६२२
इमेल : nab@central.wlink.com.np

"सेतो छडी, स्लेट, एबाकस, चेस बोर्ड, जेमोट्री किट्स र ब्रेल टाइपराइटर लगायतका सामग्रीका लागि हामीलाई सम्झनुहोस् "

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा समस्त ग्राहक वर्गहरू तथा शुभ चिन्तकहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**पारू अफसेट प्रेस**

डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४४३०७९९

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

HAPPY NEPALI NEW YEAR 2074

२०७४

शुभकामना

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)
**National Election Observation Committee (NEOC)**
राष्ट्रिय सचिवालय
स्मृति भवन, कुपण्डोल-१०, ललितपुर, नेपाल
पोष्ट बक्स नं. २६५६०, फोन : [illegible], फ्याक्स : [illegible]
इमेल: neocnepal1991@gmail.com, neocelection@gmail.com; वेब: www.neocelection.org

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

HAPPY NEPALI NEW YEAR 2074

२०७४

शुभकामना

**अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र**

गौशाला -७, रातोपुल, काठमाण्डौं

फोन नं.: ०१-४४८२२१० पोस्ट बक्स नं.: १०९८

इमेल : info@cil.org.np

वेब : www.cil.org.np

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

HAPPY NEPALI NEW YEAR 2074

२०७४

शुभकामना

**अटिजम केयर नेपाल सोसाइटी**

निलसरस्वती मार्ग, गैरीधारा काठमाण्डौं

फोन नं.: ०१-४४१९०१० पोस्ट बक्स नं.: २३७२९

इमेल : autismnepal@gmail.com

वेब : www.autismnepal.org

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

HAPPY NEPALI NEW YEAR 2074

२०७४

शुभकामना

समुदायमा आधारित पुनर्स्थापना संस्था

## भक्तपुर सि.वि.आर.

भक्तपुर नगरपालिका १५, इन्द्रायणी पिठ, खौमा

फोन नं : ०१-६६१०२६ फ्याक्स : ०१-६६१२६३०

इमेल : cbrbkt@ntc.net.np वेइब : www.cbrbhaktapur.wordpress.com

"जन्मजात श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरुको हक अधिकारका बारेमा सधैं आवाज उठाउ।"

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

HAPPY NEPALI NEW YEAR 2074

२०७४

शुभकामना

## बहिरा दृष्टिविहिन अभिभावक समाज नेपाल

लाजिम्पाट, काठमाण्डौं

फोन नं.: ९८४१८०२४६२

"१३ औं साधारण सभा एवं ५ औं अधिवेशनबाट कृष्ण बहादुर क्षेत्री को अध्यक्षतामा निर्वाचित सम्पूर्ण कार्यसमितिको सफल कार्यकालको लागि हार्दिक मंगलमय शुभकामना"

–गुलरिया अपांग पुनर्स्थापना केन्द्र परिवार, बर्दिया




**www.inseconline.org**

Human Rights... A Window to Nepal

**नेपालको पहिलो मानव अधिकार समाचार अनलाइन**

**नेपाली र अङ्ग्रेजी भाषामा**

मानव अधिकारसम्बन्धी विविध समाचार, मानव अधिकार प्रतिवेदन, मानव अधिकारसँग सम्बन्धित लेखहरू समेटिएको यस वेबसाइटमार्फत देशको मानव अधिकार स्थितिको ताजा जानकारी लिनुहोस् ।

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्युचाटार, काठमाडौं

पत्र मञ्जुषा: २७२६, काठमाडौं

फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१

इमेल: insec@insec.org.np , वेबसाइट: www.insec.org.np, www.inseconline.org




## अपांगता भएका व्यक्तिहरूलाई सूचना

**राष्ट्रिय युवा परिषद् सँगको सहकार्यमा यस कोषद्वारा अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्री (जस्तै: कृतिम हात खुट्टा, विशेष प्रकारको जुत्ता, क्यालिपर, वैशाखी, ह्वीलचिएर आदिको सहयोग प्रदान गर्ने कार्यक्रम सञ्चालन भइरहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ।**

### थप जानकारीका लागि

**समाज कल्याण परिषद**

**राष्ट्रिय अपांग कोष**

भृकुटीमण्डप काठमाण्डौ।

फोन नं ०१ ४२४४१६८




**NO HORN**

NO HORN
हर्न बजाउन निषेध

काठमाण्डौ उपत्यका भित्र
१ बैशाख २०७४ देखि

**हर्न बजाउन**
**पूर्ण निषेध गरिएको छ ।**

काठमाडौं महानगरपालिका

**नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा समस्त ग्राहक वर्गहरू तथा शुभ चिन्तकहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

CREATIVE EDGE
Kamaladi, Kathmandu, Nepal
Cell: 9841017315
www.creativedge.com.np

# तरकारी खेतीमा व्यस्त अभिभावक शोभा नेपाली

दाङ जिल्ला घोराही ५ अम्वापुर निवासी शोभा नेपाली बौद्धिक अपाङ्गता छोराकी अभिभावक हुनु हुन्छ। उहाँका वर्ष १० र वर्ष ५ की छोरी गरी २ जना सन्तान छन्। यी मध्येका पहिलो सन्तानको रूपमा जन्मिएका उहाँका छोरा सुरज नेपाली बौद्धिक अपाङ्गता छन्। सुरज दिन प्रति दिन हुर्किदैं जाने क्रममा



हरेक सिकाइहरूमा ढिलाई हुन थाल्यो। अन्य बालबालिकाहरूको तुलनामा सुरक्षा फरक देखिन थाले पछि उनलाई उपचारको लागि भारतका विभिन्न अस्पतालहरूमा लगिएता पनि उहाँमा भएको बौद्धिक अपाङ्गतालाई निको पार्न सकिएन। छोराको उपचारको लागि कमाएको पैसा तथा भएको घर जग्गा पनि बेच्न पर्यो। त्यस पछि उहाँहरू दाङ जिल्लाको घोराही नगर पालिका ६ मा बसाइ सरेर आउनु भयो। उहाँहरूको ४ जनाको परिवारलाई बिहान बेलुकाको छाक टार्ने पनि निकै धौ धौ पर्न थाल्यो। एक जना छोराको स्याहा सुसारको लागि घरमा नै बस्नु पर्यो। जसले गर्दा उहाँहरूको आर्थिक अवस्थामा ज्यादै कठिनाइ हुँदै गयो। घर परिवार र छोराछोरीलाई बिहान बेलुकाको छाक टार्नको लागि पनि कठिन भए पछि शोभाका श्रीमान कामको खोजीमा छिमेकी देश भारत जानु भयो भने शोभा नेपाली घरमा नै बसेर बौद्धिक अपाङ्गता भएको छोरा र छोरीको हेरचाह गर्नुको साथै मेलापात गर्न थाल्नु भयो। बिहान बेलुकाको खान मात्र नभएर उहाँले दैनिक रूपमा खुवाउने छोराको औषधीको पनि जोहो गर्नु पर्ने थियो। यसै क्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१४ अप्रिल देखि सन् २०१७ को मार्च सम्मको लागि डि.डि.पि. युके.एड. सँगको संयुक्त साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने उद्देश्यले "पश्चिम नेपालका अपाङ्गता

भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" (जिपिएएफ परियोजना) सञ्चालन गरेको थियो । यो परियोजना दाङ् जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल, बर्दिया जिल्लाको अपाङ्ग पुनर्स्थापना केन्द्र, सुर्खेतको अपाङ्ग सशक्तिकरण केन्द्र र तनहुँको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार विकासका लागि श्रोत केन्द्र (रिसेड) गरी अपाङ्गता सम्बन्धी काम गर्ने ४ वटा स्थानीय जिल्ला साझेदार संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिएको थियो सोही परियोजना अन्तर्गत दाङ् जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल मार्फत बौद्धिक अपाङ्गताकी अभिभावक शोभा नेपालीलाई तरकारी खेती गर्ने भनि रु ९ हजार रुपैयाँ सहयोग मिल्यो । सो सहयोग मार्फत उहाँले मौसम अनुसारको तरकारी खेती गर्नु भयो । आफ्नो बौद्धिक अपाङ्गता छोरालाई साथमा नै लिएर उहाँले आफूले उत्पादन गरेको तरकारी बेच्न थाल्नु भयो र उक्त बेचेको तरकारीबाट केही रकम बचत पनि गरेर आय–आर्जन गरेर जीवन यापनमा सहजता भएको उहाँ बताउनु हुन्छ । यो तरकारी व्यवसायबाट अहिले शोभा नेपालीको घर परिवारमा केही सहजता भएको छ । त्यसैले उहाँ नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, डि.डि.पि. युके. एड र दाङ् जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाललाई धैरै धैरै धन्यवाद दिनु हुन्छ ।

**नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

HAPPY NEPALI NEW YEAR 2074
२०७४
शुभकामना

**बौद्धिक अपाङ्गताका अभिभावकको महासंघ नेपाल**

कमलपोखरी, काठमाण्डौं
फोन नं. : ०१-४४१६४७३ इमेल : info.pfpid@gmail.com
वेइब : www.pfpid.org.np

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा  सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**नेपाल सुस्तश्रवण संघ**

कीर्तिपुर, नयाँ बजार, काठमाण्डौ
फोन नं. : ०१-४३३०९२१
इमेल : hoh1996.nepal@gmail.com
वेइब : www.nahohnepal.org

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अध्यक्ष : गोमादेवी पौडेल

**अपाङ्गता भएका व्यक्तिहरूका लागि नेपाल बोसिया संघ**

काठमाण्डौ
फोन नं.: ९८५११७५३६५
इमेल : boccianepal2007@gmail.com

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा  सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

www.cabnepal.com

**नेत्रहिन क्रिकेट संघ नेपाल**

भृकुटीमण्डप, स्टल नं ६०, काठमाण्डौं
फोन नं. : ०१-४२२०४६३
इमेल: info@cabnepal.com
वेइब : www.cabnepal.com

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा  सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

DHRC-Nepal

**नेपाल अपाङ्ग मानव अधिकार केन्द्र परिवार**




नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु भाई तथा दिदी बहिनीहरूमा सुख, शान्ति, समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HAPPY NEPALI NEW YEAR 2074

२०७४

शुभकामना

NSCISA

**Nepal Spinal Cord Injury Sports Association**

**नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ**

Narayantar, Jorpati, Kathmandu
Phone: 01-4917304
Email: nscisa2009@yahoo.com
Website: www.nscisa.org.np

# फेरमेड नेपालले गर्ने कार्यक्रमहरुमा अपाङ्गताका सवालहरुलाई समावेश गर्ने छौं



***अपाङ्ग आवाज मासिक पत्रिका**का लागि सञ्चार संयोजक **शर्मिला विश्वकर्मा**ले फेरमेड नेपालकी राष्ट्रिय संयोजक **निर्मला शर्मा**सँग संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको लागि के कस्ता कामहरु गरेको छ ? अपाङ्गता भएका व्यक्तिहरु प्रति तपाईको दृष्टिकोण र आगामी दिनमा अपाङ्गता भएका व्यक्तिहरुको लागि संस्थागत रुपमा के कस्ता कामहरु गर्नु हुन्छ भनेर लिएको अन्तरर्वाताको केही अंश :*

**प्रश्न : फेरमेड नेपाल कस्तो संस्था हो ? यो संस्थाले विशेष गरी कस्ता व्यक्तिहरुलाई लक्षित गरेर काम गर्दै आएको छ ?**

**उत्तर :** यो फेरमेड नामक संस्थाको मुख्य कार्यालय स्वीजरल्याण्डमा रहेको छ। यो संस्था करिब ६० वर्ष पहिला स्वीजरल्याण्डमा स्थापना भएको संस्था रहेछ । उनीहरुले त्यहाँ रहेका सिमान्तकृत वर्गहरुमा जस्तै कुष्ठप्रभावित व्यक्तिहरु, अपाङ्गता भएका व्यक्तिहरु र विभिन्न रोगहरुको कारण प्रभावित भएका व्यक्तिहरु जो ज्यादै गरीबीको रेखामुनी रहेका छन् उनीहरुको लागि काम गर्ने भनेर सुरुवात गरिएको थियो । नेपालमा यो संस्थाले सन् २०१२ देखि केही जिल्लाका केही गा.वि.स.हरुमा मातृ तथा नवजात शिशु सम्बन्धी कार्यक्रमहरुको सुरुवात गरेको र अपाङ्गता तथा कुष्ठरोगबाट प्रभावित भएका व्यक्तिहरुको स्वास्थ्यको लागि काम गर्न खोजेको संस्था तर सन् २०१५ देखि मात्र नेपालमा यसले काम गर्न थालेको हो । सन् २०१५ देखि नै हामीले मातृ तथा शिशु सम्बन्धीको कार्यक्रम सुरु ग¥यौ। त्यसका साथै अपाङ्गता सम्बन्धी, कुष्ठरोग सम्बन्धी, हात्ति पाइले रोग सम्बन्धी काम थालिएको हो।

**प्रश्न : फेरमेड नेपालले अपाङ्गता भएका व्यक्तिहरुको लागि के कस्ता कामहरु गर्दै आएको छ ?**

**उत्तर :** नेपालमा वि.स. २०७२ साल बैशाख १२ गते विनाशकारी भूकम्प आयो। त्यस पछि हामीले यो फेरमेड संस्था मार्फत भूकम्प प्रभावित ४ वटा जिल्लाहरुमा राहत तथा स्वास्थ्य सेवा सम्बन्धीको काम गऱ्यौ ।

सिन्धुपाल्चोक जिल्लाका १२ वटा गा.वि.स.हरुमा स्वास्थ्यका कामहरु, स्वास्थ्य सेवालाई सुचारु गर्ने, स्वास्थ्य सेवा लिनु पर्दछ भनेर जनचेतना जगाउने कामहरु गर्ने गरेका थियौ । भूकम्पबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरु र भूकम्पको कारण अपाङ्गता भएका र अन्य व्यक्तिहरुलाईको खोजि गरी उपचारको लागि सिफारिस गर्ने, उपचार गर्न जानको लागि केही पैसाहरु दिने, जान नसक्नेलाई हामी आफैले नै सम्बन्धीत अस्पतालहरुमा लैजाने कामहरु गरियो । त्यस पछि हामीले भक्तपुरको पुनर्स्थापना र विकासका लागि स्रोत केन्द्र आर.सि.आर.डी., नेपाल आर्मी पुनर्स्थापना केन्द्रसँग मिलेर ४ वटा शिविर सञ्चालन गरेका थियौं । त्यो शिविरमा हामीले पक्षघात भएका र हात खुट्टा काटिएका व्यक्तिहरुको लागि शिविर सञ्चालन गरियो जसमा ७१ जनाले सेवा पाउनु भएको थियो । उनीहरुलाई हामीले सहयोगी सामाग्रीहरु जस्तै ह्वीलचियर, बैशाखी तथा आवश्यक सहयोगी सामाग्रीहरु निःशुल्क उपलब्ध गरायौ । १८ जनालाई थप उपचारुको लागि धुलिखेल अस्पतालसँग सहकार्य गरेर उपचारको लागि पठायौ । मेरुदण्ड पक्षघात अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य समस्याको बारेमा स्वास्थ्यकर्मीहरुलाई जानकारी दिनको लागि नेपाल स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्र साँगाको सहकार्यमा ४ दिनको तालिम सञ्चालन गरेका थियौ र त्यो तालिममा १४ जना स्वास्थ्यकर्मीहरुलाई तालिम दियौ । यसका साथै अपाङ्गता भएका व्यक्तिहरुको जीवीकोपार्जनको लागि व्यवसायिक शिक्षा तालिम दिने व्यवस्था गरियो । हरेक गा.वि.स.मा स्वावलम्बन समुह बनाएर एक व्यक्तिलाई रु १५ हजारको दरले विउपुँजी उपलब्ध गरायौ । यसबाट शारीरिक अपाङ्गता र दृष्टिविहिन व्यक्तिहरुले मुडा बनाउने काम गर्नु भयो । साबुन बनाउने तालिम पनि लिनु भयो । अपाङ्गताको लागि जति पनि हामीले काम गरेका छौ त्यो काम राम्रो भएको छ ।

**प्रश्न : यो संस्था मार्फत अन्य कुन कुन जिल्लामा काम गर्नु भएको छ ?**

**उत्तर :** हामीले कपिलबस्तु जिल्लामा पनि मातृ तथा नवजात शिशुको लागि कार्यक्रम सञ्चालन गरेका छौ । यसका साथै पश्चिमी जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको लागि ती जिल्लामा काम गर्ने अपाङ्गता सम्बन्धी संघ संस्थाहरुसँग सहकार्य गरेर सहयोगी सामाग्री वितरण, फिजियो थेरापी सेवाको साथै उनीहरुको आय–आर्जनको लागि पनि काम गर्दै आएका छौ । यसका साथै कुष्ठ प्रभावित अपाङ्गता भएका वयक्तिहरुको लागि पनि काम गर्दै आएका छौ । त्यसै गरेर सिन्धुपाल्चोक जिल्लामा हामीले राष्ट्रिय अपाङ्ग महासंघ संघ नेपालसँग मिलेर अपाङ्गता परिचय पत्र वितरण गर्ने र राज्यले अपाङ्गता भएका व्यत्तिहरुको लागि उपलब्ध गराएको सेवा सुविधाको बरोमा जानकारी दिने कामलाई पनि प्राथामिकताका साथ अगाडी बढाएका छौ ।

**प्रश्न : तपाईलाई सामाजिक तथा गैर**

**सरकारी क्षेत्रमा कार्य गर्ने प्रेरणा कसरी जाग्यो ?**

**उत्तर :** जब मैले अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र जोरपाटीमा हुदा त्यहाँ काम गर्ने अवसर पाए त्यस पछि मैले अपाङ्गताको बारेमा बुझ्ने अवसर पाए । त्यो समय देखि नै मलाई अपाङ्गताको क्षेत्रमा काम गर्ने प्रेरणा जाग्यो र अहिले यो फेरमेड नेपाल मार्फत गरिने जति पनि कार्यक्रमहरुमा अपाङ्गताका सवालहरुलाई साझा सवालका रूपमा अगाडि बढाएर काम गरेका छौ ।

**प्रश्न : फेरमेड नेपालले भविश्यमा अपाङ्गता भएका व्यक्तिहरुको लागि के गर्ने लक्ष्य लिएको छ ?**

**उत्तर :** आगामी दिनमा यो फेरमेड नेपाल मार्फत हामीले जुन सुकै जिल्लामा काम गरेता पनि हाम्र सबै कार्यक्रमहरुमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका सवालहरुलाई समावेश गर्ने छौ । साथै राज्यका हरेक निकायहरु सबै अपाङ्गता मैत्री तथा अपाङ्गता अनुकूल बनाउनको लागि समुदाय, सरोकारवाला निकाय तथा व्यक्तिगत रुपमा पनि जनचेतना जगाउने र सम्बन्धीत निकायलाई झक्झकाउने छौ । हाम्रो सिद्धान्त भनेको अपाङ्गता मैत्री काम गर्ने हो । त्यसैले गर्दा हामीले जुन सुकै ठाँउमा काम गरेता पनि अपाङ्गताका सवालहरुलाई हामीले समावेश गरेर काम गर्ने छौ । हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिहरु प्रतिको नकारात्मक सोचको अन्त्य गर्नको लागि हामीले चेतना फैलाउने छौ । उनीहरु मैत्री बनाइनु पर्ने कुरामा पनि हामीले सरोकारवाला निकायलाई झकझकाउने काम गर्ने छौ ।

**प्रश्न : अपाङ्गता प्रति तपाईको दृष्टिकोण के रहेको छ ?**

**उत्तर :** सुरु सुरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई देख्दा उनीहरुको जीवन कसरी चल्छ होला ? भन्ने लाग्थ्यो । पछि उनीहरुको बारेमा बुझ्दै जादाउनीहरुले गरेका कामहरु देख्दा अवसर पायो भनेर आफु अनुकूलको वातावरण भयो भने उनीहरुले पनि सहज रुपमा जीवन यापन गर्न सक्षम हुने रहेछन् भन्ने लाग्न थाल्यो । उनीहरुलाई सक्षम गराउनु पर्दछ भन्ने लाग्यो र मलाई अपाङ्गताको क्षेत्रमा काम गर्ने रुचि जाग्यो त्यही रुचिले गर्दा नै मैले राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँग मिलेर काम गर्ने रुचि राखेर काम गरे । अपाङ्गताको क्षेत्रमा काम गर्नको लागि पहिला त अपाङ्गताको बारेमा जानकारी लिन जरुरी छ । त्यस पछि मात्र हामीले समुदायमा गएर उनीहरुको हक हित तथा अधिकारको लागि काम गर्न सक्छौ । त्यसैले हामी सबैले अपाङ्गताको सवाललाई आफ्नै सवाल हो, उनीहरुको समस्या पनि मेरो आफ्नै हो भनेर काम गर्नु जरुरी छ । साथै हामीले अपाङ्गता भएका व्यक्तिहरुलाई घृणा होइन, उनीहरुको सम्मान गर्नु पर्दछ र उनीहरु अनुकुलको वातावरण निर्माण गरी काम गर्न अवसर दिनु पर्दछ । यति मात्र नभएर ग्रामीण स्तरमा रहेका, केही कुराको जानकारी नै नभएका अपाङ्गता भएका व्यक्तिहरुलाई र उनीहरुका अभिभावकहरुलाई राज्यले उपलब्ध गराएका

सेवा सुविधाको बारेमा जानकारी दिनु र ती सेवा सुविधाको उपयोग गर्न सक्ने वातावरणको सृजना गर्नको लागि अनुरोध गर्दछु ।

**प्रश्न : अपाङ्गता प्रतिको तपाईको दृष्टिकोण के रहेको छ ? बताइदिनु होस न ।**

**उत्तर :** सुरु सुरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई देख्दा उनीहरुको जीवन कसरी चल्छ होला ? यीनीहरुले कसरी जीवन यापन गर्न सक्षम हुन्छन होला भन्ने लाग्थ्यो । पछि उनीहरुको बारेमा बुझ्दै जादा उनीहरुले गरेका कामहरु देख्दा अवसर पायो भनेर आफु अनुकूलको वातावरण भयो भने उनीहरुले पनि सहज रुपमा जीवन यापन गर्न सक्षम हुने रहेछन् भन्ने लाग्न थाल्यो । उनीहरुलाई सक्षम गराउनु पर्दछ भन्ने लाग्यो यो मैले काम गर्ने क्रममा सिकेको कुरा हो । मैले जोरपाटीमा अपाङ्ग बाल अस्पताल हुदा त्यहाँ मैले करिब डेढ वर्ष काम गर्ने अवसर पाएको थिए त्यहाँबाट अपाङ्गताको बारेमा धैरै जानकारी भयो । त्यस पछि नै मलाई अपाङ्गताको क्षेत्रमा काम गर्ने रुचि जाग्यो । त्यही रुचिले गर्दा नै मैले राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँघ मिलेर काम गर्ने रुचि राखेर काम गरे । हामीले सिन्धुपाल्चोक जिल्लामा अपाङ्गताको क्षेत्रमा काम गर्दा राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँग सहकार्य गरेर काम गरेका थियौ । यस पछि हाम्रो काम गर्ने समुहलाई राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र भक्तपुर सि.वि.आर.ले तालिम दिनु भयो । अपाङ्गताको क्षेत्रमा काम गर्नको लागि पहिला त अपाङ्गताको बारेमा जानकारी लिन जरुरी छ । त्यस पछि मात्र हामीले समुदायमा गएर काम गर्न सक्छौ । अहिले अपाङ्गता भएका व्यक्तिहरुको लागि के गर्न सकिन्छ भनेर काम गर्ने विचार गर्दै छौ । सरोकारवाला निकायलाई अपाङ्गताको बेरमा जानकारी दिदै छौ । अहिले हामीले दिगो विकासको लक्ष्यलाई लिएर काम गरेका छौ सरकारी निकाय तथा गैर सरकारी निकायहरुले उनीहरुको लागि काम गर्ने निकायहरु बढाउने काम गर्नु पर्दछ ।

**प्रश्न : अन्तमा विभिन्न क्षेत्रमा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई तपाई के भन्न चाहानु हुन्छ ?**

**उत्तर :** अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यले विभिन्न सेवा सुविधाहरुको प्रावधान गरेको छ । त्यो सेवा सुविधाको बारेमा उनीहरुले जानकारी पाउनु पऱ्यो र हामी जस्तो विभिन्न संघ संस्थाहरुले पनि त्यसको बारेमा जानकारी दिनु पर्दछ । उनीहरुलाई खोजी खोजी त्यो जानकारी दिनु पर्दछ, ती सेवा सुविधाहरुको बारेमा बुझाउनु पर्दछ । समुदायमा पनि जानकारी दिनु पर्दछ । उनीहरुले सेवा सुविधा लिन नपाएको उनीहरुलाई त्यसको बारेमा जानकारी नभएर हो । त्यसैले यस विषयमा हामी सबै सचेत हुन जरुरी छ र अन्य नागरिकहरुलाई पनि विभिन्न सेवा सुविधाको बारेमा जानकारी दिनु पर्दछ । यो समस्यालाई आफ्नौ समस्याको रुपमा लिन जरुरी छ । म हाम्रो समुदायमा रहेका नागरिकहरु, सरोकारवाला निकायहरु तथा सबै नागरिकहरुलाई अपाङ्गताको सवाल मेरो पनि सवाल हो भनेर काम गर्नु पर्दछ भन्न चाहन्छु ।

# समाचार विविध

## स्वावलम्बन जीवन पद्धति केन्द्रमा नयाँ कार्यसमिति

*१६ चैत्र २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं ।*

अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंको दशौं साधारण सभा तथा पाँचौं अधिवेशन काठमाण्डौंमा सम्पन्न भयो । सो साधारण सभा लागि स्वावलम्बन जीवन पद्धति केन्द्रले सहयोगी सेवाका लागि सहयोग गरेमा आगामी दिनमा आफ्नो संस्था मार्फत पनि सहकार्य गरेर काम गर्न तयार रहेको बताउनु भयो । त्यसै गरी नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले अपाङ्गता भएका



*स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंको दशौं साधारण सभा तथा पाँचौं अधिवेशन कार्यक्रमको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

तथा पाँचौं अधिवेशन कार्यक्रममा डाउन सिण्ड्रोम समाज नेपालकी अध्यक्ष शिला थापाले सिकाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूका व्यक्तिहरूका लागि बनेका नीति नियम कार्यान्वयन गर्नका लागि सबै मिलेर अगाडि

बढ्नु पर्ने बताउँदै नयाँ कार्यसमितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो । त्यसै गरी बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष मुकुन्दहरी दाहालले सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितका लागि सबै मिलेर काम गर्नु पर्ने कुरामा जोड दिनु भयो । यसै कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका कोषाध्यक्ष कुमार रेग्मीले अपाङ्गता भएका व्यक्तिहरूको दिगो विकासका लागि सबै हातेमालो गरी अगाडि बढ्नु पर्ने बताउँदै राष्ट्रिय अपाङ्ग महासंघ नेपाल यस विषयमा सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताउनु भयो । उक्त कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदीश प्रसाद अधिकारीले अपाङ्गता भएका व्यक्तिहरूको विकासका लागि स्वावलम्बन पद्धति केन्द्रले गरेका कामहरू ज्यादै सराहनीय रहेको र यो कार्यमा आफ्नो संस्था पनि सहकार्य गर्न तयार रहेको बताउँदै नयाँ कार्यसमितिको सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भएको थियो । सो साधारण सभा तथा अधिवेशन कार्यक्रममा अध्यक्ष गणेश के.सी. ले आगामी दिनमा पनि विभिन्न संघ संस्थाहरूको साथ र सहयोग मार्फत अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकारको लागि राज्यलाई सचेत गराउने बताउनु भयो । उक्त साधारण सभा तथा अधिवेशनले गणेश के.सी. को अध्यक्षतामा १३ जना नयाँ कार्यसमिति चयन गरेको छ । जसमा उपाध्यक्षमा टेक बहादुर गुरुङ्ग, महासचिवमा जमुना सुवेदी, सचिवमा ज्योति अर्याल, कोषाध्यक्षमा देवी आचार्य, सदस्यहरूमा भोजराज श्रेष्ठ, दिपेन्द्र शाक्य, कमला श्रेष्ठ, दिपक के.सी., सोनिका ढकाल, यामी झाँक्री मगर, इन्द्र उपाध्याय र दुर्गामान तामाङ चयन हुनु भएको छ ।

## चौधौं दिक्षान्त समारोह तथा अभिनन्दन कार्यक्रम

*१६ चैत्र २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं ।*

बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवा भक्तपुरको आयोजनामा चौधौं दिक्षान्त समारोह तथा अभिनन्दन कार्यक्रम गरियो । सो समारोहमा १३ जना दृष्टिविहिन बालबालिकाहरूलाई दिक्षान्त गरिएको थियो । सो कार्यक्रममा आयोजक संस्थाका कोषाध्यक्ष तथा कार्यकारी निर्देशक माधव अर्यालले ३ देखि ८ वर्ष उमेरका शिक्षा आर्जन गर्न नपाएका दृष्टिविहिन बालबालिकाहरूलाई निःशुल्क प्रारम्भिक शिक्षा तथा जीवन उपयोगी शिक्षा उपलब्ध गराउँदै आएको बताउनु भयो । त्यसै गरी कही कतै यस्ता बालबालिका भेटिएमा यो संस्थामा सम्पर्क गर्नु हुन अनुरोध पनि गर्नु भयो । सो दिक्षान्त समारोहमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहाल र विद्यावारिधि गर्न सफल चितवन जिल्लाकी दृष्टिविहिन महिला लक्ष्मी पोखरेललाई बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाका पूर्व अध्यक्ष मदन प्रसाद उपाध्यायले सम्मान पत्र सहित दोसल्ला ओढाएर अभिनन्दन गर्नु भएको थियो । यसै कार्यक्रममा चितवन जिल्लाकी दृष्टिविहिन महिला लक्ष्मी पोखरेलले यो संस्थाले आफूलाई अभिनन्दन गरी सम्मान गरेकोमा संस्थालाई धन्यवाद दिँदै अपाङ्गता भएका

बालबालिकाहरू लाई घरपरिवारको साथ र सहयोगले अगाडि बढ्न सहयोग मिल्ने बताउनु भयो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहालले यो संस्थाले गरेको अभिनन्दनले आफूमा हौसला बढेको भन्दै अवसर पाएको खण्डमा अपाङ्गता भएका व्यक्तिहरूले घरपरिवार, समाज र राष्ट्रलाई योगदान दिन सक्ने बताउनु भयो । सो अभिनन्दनका क्रममा उपलब्ध गराइएको रकम उहाँले सोही संस्थामा रहेका दृष्टिविहिन बालबालिकाको लागि हस्तान्तरण गर्नु भएको थियो । यसै क्रममा बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाका पूर्व अध्यक्ष मदन प्रसाद उपाध्यायले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि अपाङ्गता अनुकूलको वातावरण निर्माण गरी अवसर दिनु पर्ने बताउनु भयो । सो कार्यक्रममा दृष्टिविहिन बालबालिकाका अभिभावकहरूले यो संस्थाले आफ्ना दृष्टिविहिन छोराछोरीको लागि निःशुल्क रूपमा प्रारम्भिक शिक्षा र जीवनोपयोगी सीप प्रदान गर्नु भएकोमा संस्थाको अझ प्रगतिको कामना गर्दै उक्त संस्थाका सम्पूर्ण परिवारलाई विशेष धन्यवाद दिनु भयो । सो दिक्षान्त समारोहमा १३ जना दृष्टिविहिन बालबालिकाहरूलाई पायक पर्ने विद्यालयमा छात्रावास सहित विद्यालय स्तरको शिक्षा लिने व्यवस्था गरी दिक्षान्त गरिएको थियो ।



*राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहाल र विद्यावारिधि गर्न सफल चितवन जिल्लाकी दृष्टिविहिन महिला लक्ष्मी पोखरेललाई बी.पी. नेत्र प्रतिष्ठान बाल आँखा, नाक, कान, घाँटी अस्पताल एवं पुनर्स्थापना सेवाका पूर्व अध्यक्ष मदन प्रसाद उपाध्यायले सम्मान पत्र सहित दोसल्ला ओढाएर अभिनन्दन गर्दाको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल अपाङ्ग महिला समाज**
गोदावरी-५, ललितपुर, नेपाल
फोन नं. : ०१-५५६०४३१
पोस्ट बक्स नं. : ५४४५

नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाज**
अनामनगर, काठमाण्डौं
फोन नं. : ०१ - ४१०२७५२, ६२०३६५९

## शिविर नहुँदा परिचय पत्र पाउन सकेनन्

*१८ चैत २०७३, हिरालाल श्रेष्ठ, मुगु*

एकीकृत घुम्ती शिविर सञ्चालन हुन नसक्दा मुगु मकार्मा रोंग गाउँपालिकाका अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता वर्गीकरण सहितको परिचय–पत्र पाउन सक्नु भएको छैनन् । गाउँपालिकाको वडा नं. ६ पुआका एकै परिवारका तीन जना अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता परिचय–पत्र नपाउँदा स्थानीय निकायबाट पाउने सेवा सुविधाबाट वञ्चित हुनु भएको छ । २५ वर्ष अगाडि आमा र १६ वर्ष अगाडि बुवा गुमाएका वर्ष ६८ का दिदी छिरिङ पुटिक लामा, वर्ष ४९ की बहिनी याङजम पुटिक लामा र वर्ष ४१ का भाई दोर्जे लामाले हाल सम्म अपाङ्गता परिचय–पत्र



प्राप्त गर्न सक्नु भएको छैन । उहाँहरू तीनै जना क्रमशः दृष्टिसम्बन्धी, बौद्धिक अपाङ्गता र शारीरिक अपाङ्गता हुनु हुन्छ । यस्तो अपाङ्गताको कारण मुगु जस्तो विकट ठाउँमा कठिन पूर्ण जीवन बिताउन परेको छ । थोरै मात्र जग्गा जमिन भएका उनीहरू मध्ये दुई दिदी बहिनी गाउँमा एउटै घरमा सँगै बस्नु हुन्छ भने भाई गाउँ देखि माथि छुट्टै घरमा बस्ने गर्नु हुन्छ । दिदी याङ्जमपुटिकले जङ्गलबाट दाउरा ल्याउने, खेतीपातीको सामान्य काम गर्न सक्नु हुन्छ भने पक्षघात भएका तिब्बती भाषाका धर्म पुस्तक पढ्न सक्ने भाई दोर्जे लामा मुस्किलले आफैँ खाना पकाउने गर्नु हुन्छ । नाति नाता पर्ने वर्ष २६ का कार्मा लामाका अनुसार उहाँका परिवार र छिमेकीहरूले उनीहरूको खानपिन तथा स्याहार सुसारमा सहयोग गर्ने गरि रहेका छन् । भेटका क्रममा दिदी छिरिङ पुटिक लामाले दुवै गाला समाउँदै दाँत दुखेको पीडा सहित दुखाई कम हुने ओखती छ कि भनेर अनुरोध गर्नु भएको थियो । उहाँको अपेक्षामा सहयोग गर्न नसक्दा झनै पीडाको अनुभूति भयो । आर्थिक अवस्था कमजोर भएको कारण सदरमुकाम पुगेर परिचय-पत्र बनाउन नसकेको



कारण गाउँ नजिक कतै शिविर सञ्चालन भएमा परिचय-पत्र पाउन सकिने आशामा हुनु हुन्छ । सेवा प्रदायक निकायहरू बीच प्रभावकारी समन्वय र सहकार्य हुन नसक्दा विपन्न लक्षित वर्गको घर दैलो र समुदायमा गएर समयमा नै सेवा उपलब्ध गराउन नसकेको कुरा महिला विकास अधिकृत हसीना पराजुली सुवेदी बताउनु हुन्छ । चैतको पहिलो साता सम्पन्न जिल्ला समन्वय तथा अनुगमन बैठकमा शिविर सञ्चालन बारे छलफल भएता पनि नजिकिदैं गरेको स्थानीय चुनावको आचार संहिता प्रभावित हुने हुँदा चुनाव अगाडि शिविर सञ्चालन सम्भव नहुने यकिनका साथ कुनै औपचारिक निर्णय हुन सकेन । समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शरद कुमार पोखरेलले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गर्नु पर्ने अहिलेको प्रमुख दायित्व भएकोले त्यस पछि लगत्तै सबै सरोकारवाला निकायहरू बीच आवश्यक समन्वय गरी शिविर सञ्चालन गर्ने दृढता व्यक्त गर्नु भएको छ । यसको लागि आवश्यक सकेको सहयोग गर्न जिल्ला स्थित सबै सरकारी तथा गैर-सरकारी निकायहरूलाई अनुरोध समेत गर्नु भएको छ ।

## पाँच दिने सीप विकास तालिम सम्पन्न

*२७ चैत्र २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं ।*

लचना बौद्धिक अपाङ्गता उत्थान समाजको आयोजना तथा सभासद् कोष र नेपाःराष्ट्रिय पार्टीको सहयोगमा काठमाण्डौंमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि अधिकार तथा हेरचाह सीप विकास सम्बन्धी ५ दिने तालिम सम्पन्न भएको छ । सो ५ दिने तालिममा बौद्धिक अपाङ्गताका अभिभावक महासंघका अध्यक्ष मुकुन्दहरी दाहालले तालिमको



*लचना बौद्धिक अपाङ्गता उत्थान समाजको आयोजनामा काठमाण्डौंमा सम्पन्न बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि अधिकार तथा हेरचाह सीप विकास सम्बन्धी ५ दिने तालिमका सहभागीहरू ।* **तस्विर : शर्मिला विश्वकर्मा**

उद्घाटनको क्रममा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अवस्था, समस्या तथा चुनौतीको बारेमा प्रस्ट पार्दै उनीहरूको हक हित तथा अधिकारको बारेमा जानकारी गराउनु भएको थियो । त्यसै गरी महानगरीय प्रहरी वृत्त स्वयम्भूका प्रहरी निरीक्षक विष्णु बस्यालले यो बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि अधिकार तथा हेरचाह सीप विकास सम्बन्धी तालिमले समाजमा जनचेतना जगाउन सहयोग गर्ने बताउनु भयो । त्यसैगरी सो ५ दिने तालिममा बौद्धिक अपाङ्गता अभिभावक महासंघका अध्यक्ष मुकुन्दहरी दाहाल, डाउन सिण्ड्रोम संघकी अध्यक्ष ललिता जोशी, प्रहरी प्रधान कार्यालय महिला बालबालिका सेवा केन्द्रकी प्रहरी निरीक्षक लक्ष्मी खनाल, महिला तथा बालबालिका कार्यालय काठमाण्डौंकी प्रमुख अनिता अधिकारी, अटिजम केयर नेपाल समाजकी विशेष शिक्षक रुजु पोखरेल, पाटन सि.वि.आर. की विशेष शिक्षक सृजना के.सी. लगायतले प्रशिक्षण दिनु भएको थियो । सो तालिम समापनका क्रममा लचना बौद्धिक अपाङ्गता उत्थान समाजकी अध्यक्ष एवं संरक्षक सुवर्ण केशरी चित्रकारले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको हक हित, अधिकार तथा उनीहरूको हेरचाह कसरी गर्न सकिन्छ भनेर अभिभावकहरूलाई जानकारी दिनको लागि यो तालिमको आयोजना गरिएको बताउनु भएको थियो । यसै क्रममा उहाँले आगामी दिनमा पनि बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकारको लागि अन्य सरोकारवाला निकायहरूको साथ र सहयोग रहने बताउनु भयो । त्यसै गरी

**नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।**

HAPPY NEPALI NEW YEAR 2074
२०७४
शुभकामना

**नेत्रहिन युवा संघ नेपाल परिवार**
सुकेधारा, काठमाण्डौ
फोन नं. : ०१- ४३७२१६०
Email : byannepal@gmail.com Web : www.byannepal.org

BYAN Blind Youth Association Nepal

तालिममा सहभागी हुन भएकी विद्यार्थी श्रीपा प्रधानले यो ५ दिने तालिमबाट बौद्धिक अपाङ्गताको बारेमा धेरै भन्दा धेरै कुराको जानकारी भएको र आफ्नो घर परिवार तथा समाजमा यो तालिमबाट सिकेको सीपहरूको उपयोग गर्ने बताउनु भयो । कार्यक्रम समापनका क्रममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो भने बौद्धिक अपाङ्गता भएका महिलाहरूले नृत्य प्रस्तुत गरेका थिए । सोही कार्यक्रममा बौद्धिक अपाङ्गता भएकी महिला लचना चित्रकारले विभिन्न बाजाहरू बजाउनु भएको थियो । सो तालिममा अभिभावक, विद्यार्थी, प्रहरी गरी ३० जनाको सहभागीता रहेको थियो ।

## प्रदिप ज्ञवालीलाई ज्ञापनपत्र बुझाइयो

*चैत ३० २०७३ गणेश सुवेदी, काठमाण्डौं*

नेपाल अपाङ्ग महिला संघको आयोजनामा स्थानीय तह निर्वाचन प्रक्रियामा अपाङ्गता भएका महिलाहरूको सक्रिय सहभागिता, सुरक्षा, राज्यका स्थानीय तहदेखि राष्ट्रिय तह सम्मका संयन्त्रहरूमा अर्थ पुर्ण समानुपातिक सहभागिता र घोषणा पत्रमा अपाङ्गता व्यक्तिहरूका सवालहरू पनि राख्नु पर्ने लगायतका माग सहितको ज्ञापनपत्र नेकपा एमालेका केन्द्रीय सचिव प्रदिप ज्ञवालीलाई हस्तान्तरण गर्नु भयो । यसै क्रममा उहाँले नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ लाई अनुमोदन गरिएको र उक्त महासन्धिको धारा २९ मा राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता अन्य व्यक्ति सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अवरोधको उपभोग गर्ने अवसरको प्रत्याभूति गरेको बताउनु भयो । यसै क्रममा नेकपा एमालेका केन्द्रीय सचिव प्रदिप ज्ञवालीले आफ्नो पाटीको घोषणा पत्रमा अपाङ्गताका सवालहरू समावेश गर्ने बताउनु भयो । त्यसै गरि उहाँले

राज्यका हरेक निकायहरूमा अपाङ्गता भएका महिलाहरूको न्यून सहभागिता भएकोले त्यसलाई पुर्ण रूपमा सहभागी गराउनको लागि आफ्नो र पाटीको तर्फबाट सक्दो पहल गर्ने बताउनु भयो । नेपाल अपाङ्ग महिला संघ ले नेकपा एमालेका केन्द्रीय सचिव प्रदिप ज्ञवालीलाई बुझाइएका मागहरू यस प्रकार रहेका छन् :

- अपाङ्गता भएका महिलाका लागि राज्यका स्थानीय तह देखि राष्ट्रिय तह सम्मका सबै संयन्त्रहरूमा अर्थ पूर्ण समानुपातिक सहभागिता अर्थात् ३३ प्रतिशत महिला भित्र कम्तीमा पनि ५ प्रतिशत अपाङ्गता भएका महिलाको प्रतिनिधित्व सुनिश्चित गरियोस् ।
- राजनीतिक दलका घोषणापत्रहरू र नीति नियम, कानुन तथा कार्यक्रमहरूमा अपाङ्गता मैत्री एवं लैङ्गिक संवेदनशीलतालाई मध्यनजर गरियोस् र उनीहरूको पहुँच वृद्धि गर्नका लागि कार्यक्रमहरू तय गरियोस् ।
- समावेशीको आधारमा प्राथमिकतामा राखि अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासका लागि निर्वाचन, मतदाता शिक्षा र नेतृत्व विकास सम्बन्धमा प्रशिक्षणको व्यवस्था गरियोस् ।
- वि.स.२०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार निर्वाचनमा पार्टीले कम्तीमा पनि २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरूलाई स्थान दिनु पर्ने ।
- वडा र गाउँबाट पार्टीको जिल्ला तहमा नाम सिफारिस भएका ठाउँमा अपाङ्गता भएका महिलाको नाम पहिलो प्राथमिकतामा राखि पार्टी जिल्ला कमिटिले उम्मेदवारका लागि नाम सिफारिस गर्नु पर्ने ।
- राजनीतिक दलहरूको स्थानीय तहको निर्वाचन प्रक्रियाका हरेक चरणहरूमा



*नेकपा एमालेका केन्द्रीय सचिव प्रदिप ज्ञवालीलाई ज्ञापनपत्र हस्तान्तरण गर्नुहुँदै नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धिताल* / **तस्विर : गणेश सुवेदी**

अपाङ्गता भएका व्यक्तिहरूको बढि भन्दा बढि समानुपातिक सहभागिता सुनिश्चित गरियोस् ।

- मतदाता शिक्षा तथा निर्वाचन सम्बन्धी प्रचार प्रसार सामग्रीहरू लैङ्गिक, संवेदनशील, अपाङ्गता मैत्री बनाइनु पर्ने ।
- वडा, गाउँ र नगरमा महिलाका लागि भनि तोकिएको आरक्षण सिट भित्र पनि अपाङ्गता भएका महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरियोस् र सीमान्तकृतको आरक्षण सिट भित्र पनि अपाङ्गताको प्रतिनिधित्व सुनिश्चित गरियोस् ।
- चुनावमा हुने आर्थिक धाँधलीलाई पूर्ण नियन्त्रण गर्दै अपाङ्गता भएका महिला उमेदवारहरूको आर्थिक सहयोगमा पहुँच र नियन्त्रण बढाइयोस् ।
- चुनावको समयमा हुन सक्ने मुठभेड, हुल दङ्गा, भइ झगडामा अपाङ्गता भएका व्यक्तिहरूलाई थप दुर्घटना, हिंसामा पर्न सक्ने सम्भावना भएकोले उक्त स्थलमा तत्काल उद्धार र सुरक्षा दिनका लागि हटलाइन सेवाको व्यवस्था र पर्याप्त मात्रमा अपाङ्गता महिला मैत्री सुरक्षाकर्मीहरूको परिचालन गर्न निर्वाचन आयोगलाई सिफारिस गर्नु पर्ने ।
- भौगोलिक विकटता र यातायातको असुविधा भएका ठाउँमा अपाङ्गता भएका व्यक्तिहरूको हकमा आवागमन गर्न पायक पर्ने स्थानमा निर्वाचन स्थल साथै निर्वाचन स्थल अपाङ्गता महिला मैत्री बनाउनका लागि पार्टीले निर्वाचन आयोगलाई सिफारिस गर्नु पर्ने । (सुरक्षा, ऱ्याम्प, अग्राधिकार, होचो टेवल, खुट्टाले मतदान गर्ने व्यक्तिका लागि सहज भौतिक संरचना)


**नव वर्ष २०७४ सालको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजु-भाई तथा दिदी-बहिनीहरूमा सुख, शान्ति समृद्धि तथा सु-स्वास्थ्य एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

HAPPY NEPALI NEW YEAR 2074
२०७४
शुभकामना

**राष्ट्रिय अपाङ्ग महासंघ नेपाल**
NFD-N
भृकुटीमण्डप, काठमाण्डौं
फोन नं. : ०१-४२३११५९ पोस्ट बक्स नं. : ९१८८
फ्याक्स नं. : ०१- ४२२९५२२
इमेल : nfdn@mail.com.np
वेड्ब : www.nfdn.org.np